rovince Crisis Management Center को २०७७।०१।१३ गतेको बैठकका निर्णयहरू:

१. यस प्रदेशमा अन्य जिल्ला र प्रदेशबाट अध्ययन वा कामको सिलसिलामा आई अस्थायी रूपमा बसोबास गरिरहेका, लकडाउनको कारण समस्यामा परेका र आफ्नो प्रदेश वा जिल्ला फर्कन चाहने विद्यार्थी तथा कामदारहरूलाई आ-आफ्नो प्रदेश, जिल्ला र स्थानीयतहको समन्वयमा सुरक्षा निकायसंग आवश्यक समन्वय गरी घर फिर्ता हुन दिने।

२. COVID-19 को जोखिम क्षेत्र (Risk Area) जस्तैः- पूर्वी तराई र भारतबाट प्रवेश गरेका नागरिकहरूलाई सम्बन्धित जिल्ला र पालिकाहरूले अनिवार्य रूपमा क्वारेन्टाईनमा राख्ने व्यवस्था मिलाउने। अन्य जिल्लाका क्वारेन्टाइनमा बसी सुरक्षित तवरले (अन्य व्यक्तिहरूको सम्पर्कमा नआई) प्रदेशभित्र प्रवेश गरेका व्यक्तिहरुलाई सम्बन्धित क्वारेन्टाइनमा बसेको प्रमाणका आधारमा जिल्ला/पालिकाहरूमा समन्वय गरी पठाउने।

३. कोरोना परीक्षण तथा रोग नियन्त्रण कार्यका लागि स्थानीय तहमा एकिकृत प्रतिकार्य रणनीति तयार गरी कार्यान्वयन गर्न सम्बन्धित स्थानीय तहका प्रमुखको संयोजकत्वमा सुरक्षाकर्मी, स्वास्थ्यकर्मी र स्वयंसेवक सम्मिलित एकिकृत प्रतिकार्य समूह गठन गरी परिचालन गर्ने। स्थानीय तहमा COVID-19 प्रतिकार्यका लागि गठन हुने एकिकृत प्रतिकार्य समूहका लागि तीनवटै सुरक्षा निकायहरुबाट आ-आफ्नो क्षेत्रगत उपस्थितिका आधारमा परिचालन योजना तयार गर्ने।

४. स्थानीय तहहरुले जिल्ला प्रशासन कार्यालय र मुख्यमन्त्री तथा मंप कार्यालयमा, जिल्ला प्रशासन कार्यालयहरू, सुरक्षा निकायहरू र प्रदेश स्वास्थ्य निर्देशनालयबाट कोरोना रोकथाम तथा नियन्त्रणका लागि दैनिक प्रगति विवरण मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा रहको कार्यकारी समितिमा (ocmcmkarnali@gmail.com) प्रत्येक दिन दिनको १ बजे भित्रमा अनिवार्य रुपमा मा पठाउने। PCMC ले प्रदेशको एकिकृत दैनिक प्रतिवेदन CCMC र अन्य सम्बद्ध निकायहरू मा पठाउने।

५. २०७६ चैत्र १ पछाडि बाहिरी जिल्लाबाट स्थानीय तहमा आएका व्यक्तिहरूको वैयक्तिक विवरण तथा भ्रमण इतिहास (Travel History) सम्बन्धित स्थानीय तहले तयार गरी प्रतिवेदन गर्ने।

६. COVID-19 को सम्भावित जोखिमबाट बच्नको लागि सम्भाव्य संक्रमितको सम्पर्कमा आएका व्यक्तिहरूको सम्पर्क विवरण (Contact Tracing) का लागि सहज हुने मोबाइल एप्लिकेशन **नेपाल ट्रेस** को प्रयोग गर्न/गराउन स्थानीय तहहरू र जिल्लाले जनसमुदायलाई अनुरोध गर्ने। उक्त एप्लिकेशन मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको वेवसाईट www.ocmcm.karnali.gov.np र नेपाल ट्रेसको वेवसाईट www.nepaltrace.gov.np बाट प्राप्त गर्न सकिनेछ।

७. उच्च सुरक्षा सावधानी अपनाएर दैनिक उपभोग्य सामाग्रीको ढुवानी तथा आपुर्ती व्यवस्था मिलाउने।

प्रमुख सचिव

महेन्द्र बहादुर शाही
मुख्यमन्त्री